मिति : २०७७/१२/२८ गते

समय : दिउँसो १ : ०० बजे

आज मिति २०७७/१२/२८ गते यस चौरजहारी नगरपालिका नगर शिक्षा समितिका अध्यक्ष तथा नगर प्रमुख श्री विशाल शर्माज्यूको अध्यक्षतामा नगर शिक्षा समितिको बैठक बसी तपसिल बमोजिमका महानुभावहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति**

श्री विशाल शर्मा - अध्यक्ष

श्री राम बहादुर के.सी. - सदस्य

श्री गोपाल भण्डारी - सदस्य

श्री देवी खड्का - सदस्य

श्री सपना कार्की - सदस्य

श्री सुदास स्वर्णकार - सदस्य

श्री सुनिता डाँगी ओली - सदस्य

श्री भीम बहादुर ओली - सदस्य

श्री यदु राना - सदस्य

श्री यामराज मल्ल - सदस्य

श्री टिकाजंग ओली - सदस्य सचिव

**आमन्त्रित**

श्री राधा रोका - नगर उपप्रमुख

प्रस्ताव नं. १ - आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षा सञ्चालन सम्बन्धमा,
प्रस्ताव नं. २ - आधारभूत तह परीक्षा सञ्चालनका लागि परीक्षा केन्द्र र केन्द्राध्यक्ष छनौट सम्बन्धमा,
प्रस्ताव नं. ३ - आधारभूत तह कक्षा ५ को परीक्षा सञ्चालन सम्बन्धमा,
प्रस्ताव नं. ४ - माध्यमिक तह कक्षा १० को (**SEE Test**) परीक्षा सञ्चालन सम्बन्धमा,
प्रस्ताव नं. ५ - विभिन्न विद्यालयबाट माग भई आएका योजनाहरु सम्बन्धमा,
प्रस्ताव नं. ६ - प्रधानाध्यापक नियुक्ति सम्बन्धमा,
प्रस्ताव नं. ७ - विद्यालय व्यवस्थापन समिति विघटन सम्बन्धमा,
प्रस्ताव नं. ८ - श्री आधारभूत विद्यालय मनकोटमा कार्यरत वालविकास सहजकर्ता मनसरा के.सी. लाई पदबाट बर्खास्त गर्ने सम्बन्धमा,
प्रस्ताव नं. ९ - सशर्त अनुदान तर्फको **ICT LAB** र **SCIENCE LAB** सम्बन्धी छनौट भएका विद्यालय संसोधन सम्बन्धमा,
प्रस्ताव नं. १० - मर्ज भएका विद्यालयहरुको सम्पत्ती व्यवस्थापन सम्बन्धमा,

निर्णय नं. १: प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक शत्र २०७७ सालको आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षा तपसिल बमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | विषय | मिति | समय | वार | कैफियत |
|---|---|---|---|---|---|
| १. | अंग्रेजी | २०७८/०२/०२ | विहान ठीक ११ बजेदेखी | आइतवार | |
| २. | नेपाली | २०७८/०२/०३ | | सोमवार | |
| ३. | विज्ञान | २०७८/०२/०४ | | मंगलवार | |
| ४. | गणित | २०७८/०२/०६ | | बिहिवार | |
| ५. | सामाजिक | २०७८/०२/०७ | | शुक्रवार | |
| ६. | पेशा व्यवसाय र प्रविधि शिक्षा | २०७८/०२/०८ | | शनिवार | |
| ७ | नैतिक तथा स्वास्थ्य शारीरिक | २०७८/०२/०९ | | आइतवार | |
| ८. | स्थानीय विषय | २०७८/०२/०१० | | सोमवार | |

निर्णय नं. २ : प्रस्ताव नं. २ मा छलफल गर्दा मिति २०७८/०२/०२ गतेदेखी सुरु हुने आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि तपसिल बमोजिमका विद्यालयहरुमा परीक्षा केन्द्र तथा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष छनौट गर्ने तथा निरीक्षकहरु आधारभूत तह नगरस्तरीय परीक्षा सञ्चालन तथा समन्वय समितिको निर्णयानुसार छनौट गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | परीक्षा केन्द्र | सहभागी हुने विद्यालयहरु | केन्द्राध्यक्ष | सहायक केन्द्राध्यक्ष | कै. |
|---|---|---|---|---|---|
| १. | शीतल मावि परीक्षा केन्द्र | - शीतल मावि<br>- आधारभूत विद्यालय विजयश्वरी<br>- जनज्योती आवि स्यालखोला<br>- भ्याली पब्लिक बोर्डिङ स्कुल<br>- सरस्वती बोर्डिङ स्कुल<br>- वालविद्या सदन | उत्तम प्रसाद शर्मा (आवि मनकोट) | टेक बहादुर सुनार (कालिका आवि लयाँटा)<br>रमिता धिताल (आधारभूत विद्यालय मनकोट) | |
| २. | मावि खहरे परीक्षा केन्द्र | - माध्यमिक विद्यालय खहरे<br>- आधारभूत विद्यालय मनकोट<br>- आधारभूत विद्यालय लहरेसिमल | मधुसुदन पोखरेल (शीतल मावि चौरजहारी) | सुकदेव गौतम (आवि विजयश्वरी) | |
| ३. | मावि कोटजहारी परीक्षा केन्द्र | - माध्यमिक विद्यालय कोटजहारी<br>- कालिका आवि लयाँटा | हीरा बहादुर ओली (हिमालय मावि खोलागाउँ) | यामराज पोखरेल (आवि विजयश्वरी) | |
| ४. | हिमालय मावि खोलागाउँ परीक्षा केन्द्र | - हिमालय मावि खोलागाउँ<br>- सरस्वती मावि घरेलीचौर | गोपाल पोखरेल (शीतल मावि चौरजहारी) | कृष्ण प्रसाद जैसी (जनकल्याण मावि सानाखोला) | |
| ५. | जनकल्याण मावि सानाखोला परीक्षा केन्द्र | - जनकल्याण मावि सानाखोला | थल बहादुर के.सी. (शीतल मावि चौरजहारी) | भरत कुमार वि.क. (जनकल्याण मावि खागल) | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | बालहित माvि साक्चाखोला परीक्षा केन्द्र | - बालहित मावि साक्चाखोला | राम बहादुर ओली (हिमालय मावि खोलागाउँ) | यामराज मल्ल (बालविद्या सदन) | |
| ७. | जनकल्याण मावि खागल परीक्षा केन्द्र | - जनकल्याण मावि खागल | नरेन्द्र कुमार गिरी (मावि कोटजहारी) | मीन बहादुर ओली (सरस्वती मावि घरेलीचौर) | |
| ८. | जनकल्याण मावि जोगीनेटा परीक्षा केन्द्र | - जनकल्याण मावि जोगीनेटा | शक्तिमान थापा (हिमालय मावि खोलागाउँ) | नारायण चन्द (जनकल्याण मावि सानाखोला) | |

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा छलफल गर्दा आधारभूत तह कक्षा ५ उतीर्ण परीक्षा सम्बन्धित विद्यालयहरुमा तपसिलको समय तालिका अनुसार सञ्चालन गर्ने र परीक्षाको सञ्चालन, व्यवस्थापन तथा मूल्याङ्कन शिक्षा, युवा तथा खेलकुद शाखाले गर्ने तथा अन्य कक्षाहरु (४,६,७,९) को वार्षिक परीक्षा जेठ १३ गते देखी सञ्चालन गर्ने गरी शिक्षा, युवा तथा खेलकुद शाखाले समय तालिका सार्वजनिक गर्ने निर्णय गरियो ।

<u>कक्षा : ५ को परीक्षा तालिका</u>

| क.स. | विषय | मिति | समय | वार | कैफियत |
|---|---|---|---|---|---|
| १. | अंग्रेजी | २०७८/०२/०२ | विहान ठीक ७:०० बजेदेखी | आइतवार | |
| २. | नेपाली | २०७८/०२/०३ | | सोमवार | |
| ३. | गणित | २०७८/०२/०४ | | मंगलवार | |
| ४. | विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा | २०७८/०२/०५ | | बुधवार | |
| ५. | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | २०७८/०२/०६ | | बिहिवार | |
| ६. | स्थानीय विषय | २०७८/०२/०७ | | शुक्रवार | |

निर्णय नं. ४ : प्रस्ताव नं ४ मा छलफल गर्दा शैक्षिक शत्र २०७७ को नगर स्तरीय SEE TEST परीक्षा तपसिलको समय तालिका अनुसार सम्बन्धित विद्यालयले सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | विषय | मिति | समय | वार | कैफियत |
|---|---|---|---|---|---|
| १. | अंग्रेजी | २०७८/०१/०५ | विहान ठीक ११ बजेदेखी | आइतवार | |
| २. | नेपाली | २०७८/०१/०६ | | सोमवार | |
| ३. | विज्ञान | २०७८/०१/०७ | | मंगलवार | |
| ४. | गणित | २०७८/०१/०८ | | बुधवार | |
| ५. | सामाजिक | २०७८/०१/०९ | | बिहिवार | |
| ६. | जनसंख्या शिक्षा | २०७८/०१/१० | | शुक्रवार | |
| ७. | ऐच्छिक प्रथम | २०७८/०१/११ | | शनिवार | |
| ८. | ऐच्छिक द्धितीय | २०७८/०१/१२ | | आइतवार | |

निर्णय नं ५ : प्रस्ताव नं ५ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका सामुदायिक विद्यालयहरुबाट माग भई आएका साना योजना र पुनः निर्माण गर्नुपर्ने कार्यहरुको प्राविधिक मूल्याङ्कन गरी सोही बमोजिम सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

(क) श्री आधारभूत विद्यालय लहरेसिमल
(ख) श्री ज्ञानकुञ्ज आधारभूत विद्यालय कालापात्थर
(ग) श्री मालिका आधारभूत विद्यालय अमलाटाकुरा
(घ) श्री आधारभूत विद्यालय विजयश्वरी
(ङ) श्री बालकल्याण आधारभूत विद्यालय मूलडाँडा
(च) श्री सरस्वती माध्यमिक विद्यालय घरेलीचौर

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा छलफल गर्दा नगर शिक्षा समितिको मिति २०७७/११/२१ गतेको बैठकको निर्णयानुसार विभिन्न सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक पदमा विज्ञापन गरिएकोमा रित पूर्वक दरखास्त दिई छनौट समितिले सिफारिस गरे बमोजिमका शिक्षकहरुलाई प्रधानाध्यापक पदमा नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत श्री जनकल्याण माध्यमिक विद्यालय सानाखोला र श्री आधारभूत विद्यालय लहरेसिमलको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई ७ दिन म्याद राखी लिखीत स्पष्टीकरण सोधिएको उक्त विद्यालयहरुका व्यवस्थापन समितिबाट कुनै किसिमको जवाफ नआएको हुनाले सो विद्यालयहरुका विद्यालय व्यवस्थापन समिति विघटन गरी नयाँ व्यवस्थापन समिति गठन गर्ने प्रक्रिया बढाउने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ मा छलफल गर्दा श्री आधारभूत विद्यालय मनकोटमा वालविकास सहजकर्ताको रुपमा कार्यरत मनसरा के.सी. मिति २०७७/०९/०६ गते देखी हालसम्म विना जानकारी विद्यालयमा अनुपस्थित रही गैह्रकानुनी रुपमा सट्टा सहजकर्ता राखेको भन्ने विद्यालयको जानकारी तथा नगरपालिकाको अनुगमनबाट समेत सो कुरा पुष्टि हुन आएकाले निज वालविकास सहजकर्ता मनसरा के.सी. लाई पदमुक्त गरी पुनः पदपूर्ति प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ मा छलफल गर्दा शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्टस् तथा KITS खरिदका लागि) अनुदान र माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान क्रमश माध्यमिक विद्यालय कोटजहारी र जनकल्याण माध्यमिक विद्यालय खागलबाट माग भई आएको र माग भई आए बमोजिम विद्यालय छनौट हुनुपर्नेमा मिति २०७७/११/२१ गतेको नगर शिक्षा समितिको बैठकको निर्णयबाट योजना तथा विद्यालय फरक पर्न गएकाले माग गरेका विद्यालयहरुमा अनुदान वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं १० मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत मर्ज तथा कक्षा/तह घटुवा गरिएका विद्यालयहरुको सम्पत्ती शिक्षा, युवा तथा खेलकुद शाखाले व्यवस्थापन तथा मूल्याङ्कन गरी आगामी शिक्षा समितिको बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।